दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

संस्कृति र सांस्कृतिक सम्पदाको संरक्षण गरौं
-संस्कृति र सांस्कृतिक सम्पदा हाम्रा पहिचान हुन्, यिनीहरुको संरक्षण गर्नु हाम्रो दायित्व हो ।
-सांस्कृतिक विविधता बीच एकता कायम राखौं ।
-सांस्कृतिक धरोरहरुको प्रचारप्रसार र सुरक्षा गरौं ।
-सम्पदा वरिपरि सफा राखी सभ्य समाज निर्माण गरौं ।
-सामाजिक मेलमिलाप र भाइचारा कायम राखौं ।
**सांस्कृतिक सम्पदाको संरक्षण र सम्मानमा हातेमालो गरौं ।**
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३७ | अंक २८ | बुटवल | २०८१ माघ ०९, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Jan 22, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# रवि भैरहवा आए, आज अदालतमा उपस्थित हुने



भैरहवा । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने अदालतमा उपस्थित हुन मंगलबार रुपन्देही आएका छन् । सभापति एवं गोर्खा मिडिया नेटवर्क प्रालिका पूर्वप्रबन्धक रवि लामिछानेविरुद्ध जिल्ला अदालत रुपन्देहीमा मुद्दा दर्ता भएपछि उनी भैरहवा आएका हुन् । बुटवलको सुप्रिम सहकारी अपचलनको मुद्दा दायर भएपछि बयानका लागि उनी विमानस्थल हुँदै भैरहवा आएका हुन् । बुटवलस्थित सुप्रिम सहकारी संस्थाको रकम ठगी प्रकरणमा गत माघ ६ गते अदालतमा दर्ता भएको पुरक अभियोगपत्रमा उनलाई प्रतिवादी बनाइएको छ ।

मंगलबार बुद्ध एयरलाइन्सको उडान नम्बर यू४ ८५९ बाट श्रीमती निकिता पौडेल लामिछानेका साथ केही केन्द्रीय नेता सहित साँझ उनी भैरहवा आइपुगेका पुगेका हुन् । भोलि जिल्ला अदालत उपस्थित हुनेछन् । भैरहवामा उनी देवकोटा चोकस्थित एक होटलमा बस्ने र आज बुधबार अदालत हाजिर हुने रास्वपा लुम्बिनी प्रदेश उपाध्यक्ष सालिकराम घिमिरेले जानकारी दिए ।

हालसम्म सहकारीको रकम अपचलन गरेको कसुरमा जिल्ला अदालत रुपन्देहीमा कुल ४२ जनाविरुद्ध मुद्दा दर्ता भएको छ । यी ४२ जनाबाट सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धिकरण मुद्दामा कुल एक अर्ब ४३ करोड ८६ लाख २ हजार एक सय ३५ रुपैयाँ बिगो मागदावी गरिएको छ ।

सुप्रिम बचत तथा ऋण सहकारी संस्थामा एक हजार ९ सय ३ तीन जना बचतकर्ता छन् भने एक हजार ८ सय ७२ जनाले कुल ४२ जनाविरुद्ध इलाका प्रहरी कार्यालय बुटवलमा जाहेरी दर्ता गराएका हुन् ।

लामिछाने पोखराको सूर्यदर्शन सहकारी र काठमाडौंको कालिमाटीस्थित स्वर्णलक्ष्मी सहकारीको रकम ठगीको अभियोगमा धरौटी बुझाएर रिहा भएका छन् । कास्की जिल्ला अदालतमा ६५ लाख र काठमाडौं जिल्ला अदालतमा ६० लाख धरौटीमा लामिछाने थुनामुक्त भएका हुन् ।

सरकारी वकिलको कार्यालयले पूरक अनुसन्धान गरेर मुद्दा चलाउने राय लिएपछि रुपन्देही जिल्ला अदालतमा रविविरुद्ध मुद्दा दर्ता भएको थियो ।

## जनमोर्चाको प्रदेश खारेजीको लागि काठमाडौं केन्द्रित आन्दोलन




बुटवल । राष्ट्रिय जनमोर्चा पार्टीले प्रदेश खारेजीको माग राख्दै राजधानी काठमाडौं केन्द्रित आन्दोलनको घोषणा गरेको छ ।

प्रदेशले गर्दा देश नै टाट पल्टिने अवस्थामा पुगेको भन्दै जनमोर्चाले आन्दोलनको घोषणा गरेको हो ।

राष्ट्रिय जनमोर्चा रुपन्देहीले मंगलबार बुटवलमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै पार्टीका केन्द्रीय अध्यक्ष चित्रबहादुर केसीले देशको अस्तित्व जोगाउनको लागि प्रदेश खारेजी अहिलेको आवश्यकता रहेको भन्दै काठमाडौं केन्द्रित आन्दोलनको तयारी रहेको जानकारी दिए ।

जनमोर्चाले चैत्र २४ गतेदेखि ३० गतेसम्म प्रदेश खारेजीको आन्दोलनको घोषणा गरेको उनले जानकारी दिए । प्रदेशको गाईजात्रा देखेर जनता पनि आजित भएको बताउँदै नेता केसीले देशलाई टाट पल्टिनबाट जोगाउनको लागि प्रदेश खारेजीको आवश्यकता रहेको जिकिर गरे ।

राष्ट्रिय जनमोर्चा रुपन्देहीले पत्रकार सम्मेलनको आयोजना गरी राजधानी केन्द्रित आन्दोलनको तयारी जिल्लामा भईरहेको जानकारी दिएको हो ।

जनमोर्चाका जिल्ला अध्यक्ष टानबहादुर केसीले पत्रकार सम्मेलनमा बोल्दै आन्दोलनको तयारीको लागि जिल्लादेखि टोलसम्मको भेला सकिएको र जिल्लामा पर्चा वितरण ,भेटघाट , भित्तेलेखन कार्यलाई तिव्रता दिईएको जानकारी दिए ।

संघीयता विरुद्धको आन्दोलनको पक्षमा वातावरण तयार पार्न पुस २१ गतेदेखि सुरु भएको सङ्गठनात्मक अभियान फाल्गुन १० गतेसम्म जारी रहने केसीको भनाइ रहेको छ ।

यस्तै आन्दोलन सफल बनाउनेको लागि फाल्गुण ४ गतेदेखि चैत्र १५ गतेसम्म जिल्ला ब्यापी आर्थिक संकलन अभियान सञ्चालन गर्ने राष्ट्रिय जनमोर्चाले जानकारी दिएको छ ।

## हिउँदे अधिवेशन आह्वान

बुटवल । राष्ट्रपति रामचन्द्र पौडेलले संसद्को हिउँदे अधिवेशन आह्वान गर्नुभएको छ । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले माघ १८ गते दिउँसो १ बजे बस्नेगरी सङ्घीय संसद्का दुबै सदनको अधिवेशन आह्वान गरे ।

यसअघि सोमबार बसेको मन्त्रिपरिषद् बैठकले १८ गते संसद्को हिउँदे अधिवेशन बोलाउने निर्णय गर्दै अनुमोदनका लागि राष्ट्रपतिसमक्ष पठाउने निर्णय गरेको थियो । राष्ट्रपति कार्यालयले मङ्गलबार जारी गरेको विज्ञप्तिमा संविधानको धारा ९३ को उपधारा १ बमोजिम अधिवेशन आह्वान गरिएको उल्लेख छ ।

संसद् अधिवेशन अन्त्य र आह्वान सरकारको सिफारिसमा राष्ट्रपतिले गर्ने संवैधानिक व्यवस्था छ । वर्षे अधिवेशन गत भदौ ३१ गते अन्त्य भएको थियो ।

## ५५ सय वटा विद्युतीय गाडी आयात

बुटवल । चालू आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा नेपालमा झन्डै ५५ सय वटा विद्युतीय गाडी आयात भएका छन् । भन्सार विभागले हिजो सार्वजनिक गरेको गएको साउनदेखि पुससम्मको आयात-निर्यातको तथ्याङ्कानुसार ६ महिनामा ५ हजार ४ सय ८० वटा विद्युतीय चारपाङ्ग्रे गाडी आयात भएका छन् ।

यो गएको आर्थिक वर्षको पहिलो ६ महिनामा भन्दा धेरै हो । गएको वर्ष ६ महिनमा ५ हजार १ सय वटा विद्युतीय गाडी आयात भएका थिए ।

यस पटक आयात भएका गाडीमध्ये ५१ किलोवाटदेखि १०० किलोवाटसम्म क्षमताका गाडीको सङ्ख्या सबैभन्दा धेरै छ । ५१ देखि १०० किलोवाटका ३ हजार १ सय ९१ वटा गाडी आयात भएका छन् ।

विद्युतीय गाडीमा दिइएको भन्सार छुट तथा अन्य करमा समेत कमी भएकाले उपभोक्ताको आकर्षण बढेको छ । पछिल्लो समय नेपाल विद्युत् प्राधिकरणसहित विभिन्न ब्रान्डका गाडीका नेपाली डिलर र निजी कम्पनीले पनि चार्जिङ स्टेशन बनाइरहेकाले विद्युतीय गाडीको चार्जिङमा समेत सहज भइरहेको छ ।

## दैनिक ४० लिटर दूध उत्पादन गर्दै खिमा



**राधिका भुसाल**
*प्यूठान*

प्यूठान नगरपालिका भित्र दूध उत्पादन बढ्दै गएको छ । प्यूठान नगरपालिकाले उत्पादनमा आधारित दुधमा अनुदान दिन थालेपछि व्यवसायिक भैसी पालन गर्ने किसानको संख्या बढेसंगै दुध उत्पादन पनि बढेको हो ।

यता प्यूठान नगरपालिका ७ टिकुरी निवासी खिमा केसीले ५ वटा हरियाना जातको मुर्रा भैसी पालेकी छिन् । दैनिक ४० लिटर दुध उत्पादन गर्ने उनले ३५ लिटर दूध विक्रीका लागि लैजाने गरेको बताउछिन् । प्रगति कृषि तथा पशुपंक्षी फर्म सञ्चालनका लागि भौतिक संरचना, मेसिनरी सामान र भैसी खरिद गर्दा करिब १५ लाख लगानी लागेको उनले बताइन ।

"श्रीमानको जागिरले मात्र घरखर्च धान्न धौ भएको थियो," खिमाले भनिन्-"भैसी पाल्न थाले पछि आम्दानी बढ्नुका साथै मेरो दैनिकी पनि व्यस्त रहेको छ ।" सुरुवातमा १ लाख ३० हजारमा एउटा भैसीले लिएको बताउदै त्यसपछि २-२ वटा गरी जम्मा ५ वटा भैसी खरिद गरेको उनले बताइन ।

उमेरले ३३ पुगेकी उनी दुई छोरा र एक छोरी गरी तीन सन्तानकी आमा हुन । कक्षा १२ सम्मको अध्ययन गरेकी उनीले रोजगारी भन्दा व्यवस्थित तरीकाले व्यवसाय गर्न उचित हुने बताछिन् । उनले तीन जना विद्यार्थीलाई आफ्नै घरमा आश्रय दिएकी छिन् । कक्षा ११ मा अध्ययनरत चेतमान गिरी, कक्षा १२ मा अध्ययनरत कमला के.एम. र क्याम्पस पढ्दै गरेकी पुष्पा के.एम. ले बिहानसाँझ काममा सघाउने गरेको र आफुले भने घरजाँदा पैसा दिने, अध्ययन खर्च, लत्ताकपडा र खानेबस्ने व्यवस्था गरिदिदै आएको के.सीले बताइन ।

"अब वर्षातको समयमा २ वटा भैसी थप्ने योजना बनाएका छौं ।" उनले भनिन्-"श्रीमानले जागिरबाट अवकास पाएपछि अझै व्यवस्थित गर्दै भैसी पालन गर्ने हो ।" घरमा श्रीमान सासुआमा र घरमा बस्ने भाइबहिनीको राम्रो सहयोग पाएकोले व्यवसाय गर्ने उर्जा थपिएको उनले बताइन । प्यूठान नगरपालिका पुश विकास शाखाबाट प्राविधिक सहयोग पनि पाउदै आएको उनको भनाइ छ ।

दुधमा अनुदान दिने भएपछि अहिले बाग्दुलामा रहेको झिमरुक पशुपंक्षी तथा मत्स्य सहकारीमा दुध बिक्रीका लागि लैजान थालेको केसीले बताउछिन् । "कृषकलाई हेपाहा शैलीले हेर्नेहरुले नै कृषकले उब्जाएको खाएर बाँचिरहेको छन् ।"

» बाँकी ३ पेजमा

रेसुङ्गा नगरपालिकाको अनुरोध
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

बाबुराम पल्ली
प्रमुख प्रशासकीय अधिकृत

खिलध्वज पन्थी
नगर प्रमुख

अनुरोधक :
रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

२०८१ माघ ०९, गते बुधबार
Wednesday Jan. 22, 2024

दैनिक लुम्बिनी

## सम्पादकीय

# कानुन बनाउन ढिलाई

मुलुकमा संवैधानिक प्रबन्ध अनुसार आवधिक चुनाव भई राजनैतिक संघीयता स्थापित भएको सात वर्ष बितिसकेको छ । पहिलो कार्यकालको पाँच वर्ष सकिएपछि दोस्रो कार्यकालको आधा समय सकिएपनि संघीयता कार्यान्वयनसँग सम्बन्धित कानुन नबन्दा संविधान कार्यान्वयनमा विलम्ब हुनुको साथै तहगत सरकारहरु कामकाजी बन्न सकिरहेका छैनन् । कतिपय नीतिगत सुधारका लागि सरकारले अध्यादेश ल्याएर काम गर्ने बाटो खोलेको छ । अब मुलतः संसदमा विधाराधीन विधेयकलाई छिटो पारित गर्न प्राथमिकता दिनु उत्तम हो ।

राजनैतिक नेतृत्वले अघि सारेको नीति, योजना र कार्यक्रमलाई कार्यान्वयन गर्ने कर्मचारी प्रशासनले हो । कर्मचारी प्रशासनको चुस्त परिचालनबाट नै सरकारले नतिजामुखी काम गर्न सक्छ । संघीय शासन प्रणाली अनुसार कर्मचारी प्रशासन चल्न संघीय निजामती ऐन नबन्दा कर्मचारी प्रशासन काम चलाउ ढंगले अघि बढेको छ । राजनैतिक नेतृत्व नभएपनि सरकार चलाउने कर्मचारी प्रशासनले हो । त्यसैले कर्मचारी प्रशासनलाई 'स्थायी सत्ता' भनिन्छ । 'स्थायी सत्ता' मानिने कर्मचारी प्रशासनलाई सहज ढंगले अघि बढ्न कानुनी प्रबन्ध गर्न सरकार चुकेको छ । संघीय निजामती ऐनको अभावमा प्रदेश सरकारले बनाएको प्रदेश निजामती ऐन निष्कृय भएको छ । स्थानीय सेवा ऐन बन्न सकेको छैन् । निजामती ऐन नबन्दा कर्मचारी प्रशासनमा आएको समस्या बारे सरकार जानकार नभएको होइन् तर स्वार्थ समूहको दवाव र प्रभावले कानुन बन्ने प्रक्रियामा ढिलाई भएको छ । सबै अवरोधलाई छिचोल्दै कानुन निर्माणमा पहलकदमी लिने काम सरकारको हो । प्रदेशको शान्ति सुरक्षाको सवाल प्रदेशको एकल अधिकारको सूचीमा रहेको विषय हो । प्रदेश सरकारलाई शान्ति सुरक्षा कायम गर्न आवश्यक पर्ने प्रहरी समायोजन हुन सकेको छैन् । निजामती सेवा विधेयक प्रतिनिधि सभामा दर्ता भएपनि प्रहरी विधेयक अघि बढ्न सकेको छैन् । शिक्षा विधेयक प्रतिनिधिसभाको विषयगत समितिमा अड्केको छ । गुठी सम्बन्धी विधेयक संसद्बाट फिर्ता भएको चार वर्ष भइसक्यो । पुनः संसद लैजाने सुरसार छैन् । गुठी सम्बन्धी कानुन नबन्दा किसानले मोहियानी हक पाउन सकेका छैनन् । दाङमा गुठी पीडित किसान सडक आन्दोलनमा उत्रेका छन् । संघीयता कार्यान्वयनसँग सम्बन्धित ४० वटा कानुन बन्न बाँकी छन् । ती कानुन बनाउन संसदमा छरितो विधि अवलम्बन गर्न सकिन्छ ।

विषयगत समितिहरुका सभापतिले समितिमा विधाराधीन विधेयक छिटो टुंगो लगाएर अघि बढ्न तयार भएका छन् । हिउँदे अधिवेशन कानुन निर्माणको अधिवेशन भएकाले पनि विषयगत समितिहरुको सक्रियता पनि उत्तिकै अर्थपूर्ण हुन्छ । सरकारले आवश्यक विधेयक संसद पठाउने र पठाएका विधेयक छिटो पारित गर्नका लागि व्यवस्थापिका प्रमुखसँग छलफल गर्न गर्नुपर्ने हुन्छ ।

प्रधानमन्त्री र सभामुखबीच केही दिन अघि भएको भेट हिउँदे अधिवेशनमा विधेयक पारितका सन्दर्भमा केन्द्रीत भएको बताइएकाले प्रधानमन्त्री संसदमा अड्केका विधेयक छिटो पारित गर्न सक्रिय छन् भन्ने सन्देश प्रवाह भएको छ ।विगतमा कानुन निर्माणमा पटक्कै ध्यान नगएको पनि होइन्, स्वार्थ समूह हावी हुँदा सरकारलाई काम गर्न दिइएन्, सरकारले स्वार्थ समूहलाई कमजोर बनाएर अघि बढ्न सकेन् । अब विगतबाट पाठ सिक्दै अबको अधिवेशनमा कानुन निर्माणले प्राथमिकता पाउनुपर्छ ।

# शिक्षामा विविधता व्यवस्थापन



धनसूदन चौलागाई



शिक्षा पूर्वाधारको पनि पूर्वाधार तथा विकास र समृद्धिको आधार हो। व्यक्तिमा अन्तरनिहित प्रतिभा र सम्भावनाको पहिचान एवं प्रस्फुटन गरी उसको सर्वांगीण विकास गर्ने कार्य शिक्षाले गर्छ। शिक्षाले नै व्यक्तिलाई आवश्यक ज्ञान, सीप र क्षमता विकासका माध्यमबाट व्यक्तिगत, सामाजिक र राष्ट्रिय जीवनका लागि दक्ष, सीपयुक्त र नैतिकवान् एवं असल नागरिकका रूपमा तयार गर्छ। त्यसैले, आधुनिक समाजमा शिक्षालाई नागरिकको आधारभूत आवश्यकताअन्तर्गत राख्ने गरिन्छ र नागरिकको मौलिक हक एवं राज्यको दायित्वका रूपमा यसलाई लिइएको छ। राज्यबाट सबै नागरिकलाई शिक्षा पाउने हकको व्यवस्था कानुनमै गरिएको हुन्छ।

शिक्षा प्राप्तिका लागि विद्यालयमा आएका बालबालिका शारीरिक एवं बौद्धिक, आर्थिक, सामाजिक र सांस्कृतिक तथा भाषिक रूपमा फरक पृष्ठभूमि, क्षमता र विशेषताका हुन्छन्। बालबालिकाका यी फरकपन र विशिष्टता नै विविधता हुन्। बालबालिकाका यी विविधताको समुचित पहिचान र सम्मान तथा आवश्यकताको समुचित सम्बोधन गर्दै उनीहरूको सिकाइका लागि बालमैत्रीपूर्ण सिकाइ वातावरण सिर्जना गरी शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने कार्य नै शिक्षामा विविधता व्यवस्थापन हो। प्रस्तुत लेखमा नेपालको शिक्षा प्रणालीमा विविधता व्यवस्थापनका लागि भएका प्रयास, सम्बोधन हुन नसकेका पक्ष र सुधारका सम्भाव्य उपायबारे चर्चा गर्ने प्रयत्न गरिएको छ।

नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हक र राज्यको दायित्वको रूपमा अंगीकार गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा प्रत्येक नागरिकलाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँच, प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षाको अधिकार, अपांगता भएका नागरिकलाई विशेष शिक्षाका माध्यमबाट शिक्षाको अधिकार, आर्थिक रूपले विपन्न, अपांगता भएका र दलित नागरिकलाई निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने अधिकारको व्यवस्था गर्दै शिक्षामा सामाजिक विविधताको सम्बोधन गरी शैक्षिक विकासको मूल प्रवाहमा सबैलाई समेट्ने व्यवस्था रहेको छ।

प्रारम्भिक कक्षाहरूमा मातृभाषामै सिक्ने अवसर सुनिश्चित गर्न र सिकाइमा आइपर्ने भाषिक कठिनाइलाई सम्बोधन गर्न पाठ्यक्रम विकास केन्द्रबाट विभिन्न २८ मातृभाषामा पाठ्यपुस्तक विकास गरिएका छन्। दृष्टिविहीन बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न ब्रेललिपिका पाठ्यपुस्तक विकास गरिएको छ। बहिरा बालबालिकाका लागि सांकेतिक भाषामा पठनपाठनको व्यवस्था गरिएको छ। शिक्षकलाई ब्रेल लिपि र सांकेतिक भाषामा शिक्षणसम्बन्धी तालिमको व्यवस्था गरिएको छ। अपांगताको प्रकृति र संख्याका आधारमा अपांगता भएका बालबालिकाका लागि विशेष विद्यालय, एकीकृत विद्यालय र स्रोत कक्षाको व्यवस्था गरिएको छ। हाल एकीकृत विद्यालय २३ वटा, विशेष विद्यालय ३३ वटा र स्रोत कक्षा ३८० वटा सञ्चालनमा छन् (शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८०)। घरबाट दैनिक रूपमा आवतजावत गर्न भौगोलिक दूरी र अपांगताको गम्भीरताका कारण विद्यालयले व्यवस्था गरेको आवासमा बसी पढ्नुपर्ने अपांगता भएका बालबालिकाका लागि प्रतिविद्यार्थी प्रतिमहिना पाँच हजारका दरले वर्षमा दश महिनाको आवासीय छात्रवृत्तिको व्यवस्था छ। घरबाटै विद्यालय गएर पढ्न सक्नेका लागि अपांगताको विभिन्न प्रकृति र अवस्थाअनुसार वार्षिक पाँच हजार रुपैयाँसम्म गैरआवासीय छात्रवृत्तिको व्यवस्था गरिएको छ। भौगोलिक कठिनाइले विद्यालय आउन नसक्ने बालबालिकाका लागि आवासीय विद्यालय र छात्राहरूका लागि फिडर छात्रावासको व्यवस्था छ।

आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायका बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाइराख्न विभिन्न किसिमका छात्रवृत्तिको व्यवस्था गरिएको छ। विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यवस्तु, पाठ्यपुस्तक र शैक्षिक सामग्रीको छनोट गर्दा तथा शिक्षकलाई दिइने तालिमको विषयवस्तु, कक्षा व्यवस्थापन र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा विविधताको सम्बोधन गर्नुपर्ने कुरा समेटिने गरेको छ। विद्यालयमा छात्राका लागि अलग्गै शौचालय तथा महिनावारी हुने उमेरका बालिकाका लागि स्यानिटरी प्याड र त्यसको विसर्जनको व्यवस्था गरिएको छ। विद्यालय शिक्षाको आधारभूत तहसम्म स्थानीय भाषा, संस्कृति र सम्पदा, पेसा, व्यवसाय, कला, संगीत, ज्ञान र सीपलाई पठनपाठनको विषय बनाउने गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन हुँदै आएको छ।

शिक्षण पेसालाई समावेशी बनाउन शिक्षक सेवा आयोगबाट शिक्षक छनोटका लागि हुने विज्ञापनमा महिला, आदिवासी, जनजाति, मधेसी, दलित, अपांग र पिछडिएको क्षेत्रका बासिन्दाका लागि निश्चित स्थान आरक्षण गर्ने कानुनी व्यवस्था रहेको छ। यसबाट शिक्षण पेसामा सामाजिक विविधताको प्रतिनिधित्व बढ्दै गएको छ। महिला शिक्षकको अनुपातमा वृद्धि हुँदै गएको छ। विद्यालय व्यवस्थापनमा पनि विविधताको सम्बोधन हुने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको छ। विद्यालयमा गुनासो सुनुवाइको व्यवस्थाले विद्यार्थीप्रति हुने सम्भावित दुर्व्यवहार, भेदभाव र हेपाइ अन्त्य गरी प्रत्येक विद्यार्थीलाई आत्मसम्मानसाथ पढ्न पाउने वातावरण तयार गर्न मद्दत पुगेको छ।

शिक्षामा विविधतालाई सम्बोधन गर्न उल्लिखित प्रयत्न भए पनि ती पर्याप्त हुन सकेका छैनन् । जस्तो कि दृष्टिविहीन र बहिरा बालबालिकालाई ब्रेललिपि र सांकेतिक भाषामा अध्यापन गराउन सक्ने शिक्षक पर्याप्त मात्रामा तयार गर्न सकिएको छैन । यस्ता बालबालिकालाई शिक्षण गर्ने शिक्षकलाई थप प्रोत्साहनको व्यवस्था हुन नसक्दा शिक्षकलाई उत्प्रेरित गर्न र टिकाइराख्न कठिन भएको छ । सबै बालबालिकाले यस्तो माध्यमबाट शिक्षा लिने अवसर प्राप्त गर्न सकेका छैनन् । पाठ्यक्रम र पाठ्यसामग्री तथा शैक्षिक सामग्री आवश्यक मात्रामा अनुकूलन गर्न सकिएको छैन। बालबालिकाको सर्वांगीण विकासका दृष्टिले अत्यन्तै महत्त्वपूर्ण र विद्यालय शिक्षाको आधारशिलाका रूपमा रहेको प्रारम्भिक बालविकास तथा शिक्षामा दृष्टिविहीन, श्रवण शक्ति नभएका, अटिजम र बहुअपांगता भएका बालबालिकाको सिकाइ र विकासका लागि शिक्षक तालिम, पाठ्यक्रम अनुकूलन र सिकाइ सामग्रीको विकासमा ठोस प्रयास हुन सकेको छैन। अपांगता भएका बालबालिकालाई अध्यापन गराउन नवीनतम प्रविधिको उपलब्धता र प्रयोग पनि भएको पाइँदैन। आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायका बालबालिकाका लागि विद्यालय तहमा दिइने गैरआवासीय छात्रवृत्तिको रकम अत्यन्तै न्यून छ।

समयमै बालबालिकाको अपांगताको प्रारम्भिक पहिचान र सबै विद्यालयमा अपांगतामैत्री पूर्वाधारको व्यवस्था हुन सकेको छैन। तीक्ष्ण क्षमता र विलक्षण प्रतिभा भएका विद्यार्थीको यथोचित पहिचान र सोअनुरूप व्यक्तित्व विकासको अवसर दिन सकिएको छैन । सबै विद्यालयमा कक्षा व्यवस्थापन, शिक्षण विधि, सामग्री छनोट र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीका व्यक्तिगत भिन्नतामा पर्याप्त ध्यान दिन सकेको पाइँदैन । सबै मातृभाषामा पाठ्यपुस्तक एवं पाठ्यसामग्री विकास हुन सकेको छैन। स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रारम्भिक चरणमै छ ।

विद्यार्थीको विविधताको पहिचान र सम्बोधनबारे सबै शिक्षकलाई पर्याप्त मात्रामा तालिम दिन सकिएको छैन । निजी लगानीका विद्यालयले निश्चित संख्यामा विद्यार्थीलाई निःशुल्क शिक्षा दिनुपर्ने कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र सोको अनुगमन हुन सकेको छैन ।

यी पक्षको यथोचित सम्बोधन नहुँदासम्म शिक्षामा सामाजिक विविधताको सारभूत रूपमा सम्बोधन हुन र सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्न सम्भव देखिँदैन। विद्यार्थी र शिक्षा प्रणालीका अन्य पक्षसमेतका विविधताको समुचित रूपमा पहिचान र सम्बोधन गरेर मात्र विद्यालय उमेरका सबै बालबालिकालाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न सकिन्छ। शिक्षासम्बन्धी मौलिक हकको सारभूत रूपमा कार्यान्वयन गरेर मात्र विकास र समृद्धिको राष्ट्रिय संकल्प पूरा गर्न सकिन्छ। यसका लागि, पहिलो, यससम्बन्धी नीतिगत व्यवस्थाको आवश्यक स्रोतसाधन र ठोस कार्ययोजनासहित प्रभावकारी कार्यान्वयन गर्नुपर्छ।

दोस्रो, सबै विद्यालयमा अपांगतामैत्री पूर्वाधार निर्माण गर्नुपर्छ।

तेस्रो, दृष्टिविहीन र बहिरा बालबालिकाका लागि आवश्यक मात्रामा स्रोत कक्षाको व्यवस्था तथा अटिजम र बहुअपांगता भएका बालबालिकाको सिकाइ आवश्यकता पूरा हुने गरी पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा अनुकूलन गर्नुपर्छ। साथै दृष्टिविहीन, बहिरा, अटिजम र बहुअपांगता भएका बालबालिकालाई अध्यापन गराउन नवीनतम प्रविधिको प्रयोग गर्नुपर्छ।

चौथो, ब्रेललिपि र सांकेतिक भाषामा अध्यापन गराउने शिक्षकको पर्याप्त संख्यामा तयारी तथा यस्ता शिक्षकका लागि क्षमता विकास र उत्प्रेरणात्मक व्यवस्था गर्नुपर्छ।

पाँचौँ, शिशु विकास र प्रारम्भिक बालविकास तथा शिक्षादेखि नै प्रारम्भिक पहिचानका माध्यमबाट अपांगताको पहिचानका साथै आर्थिक, सामाजिक, अन्नरनिहित प्रतिभा एवं विलक्षणतालगायत सबैखाले विविधताको पहिचान गरी सिकाइ आवश्यकताको सम्बोधन गर्ने व्यवस्था गर्नुपर्छ।

छैटौँ, निजी लगानीका विद्यालयले तोकिएको संख्यामा निःशुल्क शिक्षा दिनुपर्ने व्यवस्था कार्यान्वयन गराउने र सोको नियमित अनुगमन गर्ने व्यवस्था गर्नुपर्छ।

सातौँ, भाषिक विविधता सम्बोधन गर्न सबै मातृभाषामा पाठ्यपुस्तक, पाठ्यसामग्री तथा शैक्षिक सामग्री विकास र स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्छ।

आठौँ, विद्यार्थीका विविधतालाई केन्द्रमा राखेर कक्षाकोठा व्यवस्थापन, शिक्षण विधिको प्रयोग तथा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्छ।

नवौँ, तीक्ष्ण क्षमता र विलक्षण प्रतिभा भएका विद्यार्थीलाई व्यक्तित्व विकासको समुचित वातावरण प्रदान गर्नुपर्छ र यस्ता विद्यार्थीलाई नवप्रवर्तनात्मक कार्यमा प्रेरित गर्नुपर्छ।

दसौँ, विद्यार्थीका विविधताको पहिचान र सम्बोधन गरी कक्षाकोठा व्यवस्थापन, सिकाइ वातावरण र शिक्षण क्रियाकलाप सञ्चालनका लागि सक्षम बनाउन शिक्षकलाई यससम्बन्धी तालिमको व्यवस्था गर्नुपर्छ।

र एघारौँ, आर्थिक सामाजिक रूपमा पछाडि परेका समुदायका बालबालिकालाई हाल दिइँदै आएको गैरआवासीय छात्रवृत्तिको रकम एकदमै न्यून भएको हुँदा यसमा सामयिक वृद्धि गरी आर्थिक रूपले विपन्न परिवारका बालबालिकालाई शैक्षिक विकासमा मूल प्रवाहीकरण गर्नुपर्छ।

अन्त्यमा, शारीरिक एवं बौद्धिक, आर्थिक, सामाजिक र सांस्कृतिक तथा भाषिक विविधताको समुचित पहिचान र सम्बोधन गरी बालमैत्रीपूर्ण र गुणस्तरीय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक विकासको मूल प्रवाहमा समाहित गर्नु आजको आवश्यकता हो। यसबाट शिक्षासम्बन्धी मौलिक हकको सारभूत कार्यान्वयन, सामाजिक न्याय, विकास र समृद्धिको राष्ट्रिय आकांक्षा पूरा गर्न मद्दत पुग्नेछ। नयाँ पत्रिकाबाट

# विद्यालय स्वास्थ्यमा मुख स्वास्थ्यको महत्व



अमृत भुसाल

गत बर्स मैले करिब एक लाख बच्चाको मुख स्वास्थ्य चेक जाँछ तथा परामर्श शिबिर सन्चालन गरे । जसमा ग्रामिण भन्दा पनि शहरका हुने खाने चच्चामा दाँत तथा मुख स्वास्थ्य दयनिय देखियो जसको दुखको कुरा बुझ्ने पढ्ने तथा राम्रो ब्याक्तिको पनि परिवारमा मुख स्वास्थ्य बारे जानकारी नपाउदा वा हेलचेक्राइले आम बच्चाहरुमा मुख स्वास्थ्य समस्या दिनानुदिन बढ्दै गएको देखिन्छ ।

विद्यालय भनेको बालबालिकाको शिक्षाको मात्र केन्द्र होइन, यो उनीहरूको शारीरिक, मानसिक, र सामाजिक स्वास्थ्यलाई प्रबर्द्धन गर्ने महत्त्वपूर्ण थलो पनि हो। शिक्षाको सही वातावरण र स्वच्छ स्वास्थ्य अभ्यासबीच गहिरो सम्बन्ध छ। मुख स्वास्थ्य यो प्रक्रिया भित्रको एक महत्वपूर्ण पाटो हो। स्वस्थ मुखले बालबालिकाको आत्मविश्वास बढाउँछ,पोषण खानाको आपूर्ति, स्पष्ट बोल्न, र राम्रो जीवनशैली निर्माण गर्न पनि मद्दत गर्दछ।

**खासमा हामी बाहिर बाट घरमा भित्र पस्दा किन जुत्ता खोल्छौ ?**

हो, त्यस्तै शरीर हाम्रो घर हो , र मुख हाम्रो मुल ढोका हो ।त्यसैले स्वास्थ्य जीवन हुन हामिले मुखको हेरचाह गर्नु स्वस्थ शरिरको लागि अत्यन्तै आबश्यकता हो ।नेपालमा दाँतमा लाग्ने किरा (म्भ्लत्बी ऋबचक्ष्भक ) गिजा सम्बन्धी को रोग, र मुखको अन्य समस्याहरू बालबालिकामा प्रसस्तै देखिएका छन । यी समस्याहरूले शारीरिक पीडाका साथै विद्यालयमा उसको पढ्ने वा अन्य क्रीयाकलापमा ध्यान दिन र सक्रिय रूपमा सिक्न असहज बनाउँछन्। यस्तो अवस्थामा, विद्यालय स्वास्थ्य कार्यक्रमहरूले मुख स्वास्थ्यलाई प्राथमिकतामा राख्नु अनिवार्य जस्तो देखिएको छ ।हामिले मुख सफा र स्वस्थ मुख स्वास्थ्य बनाउन के के गर्न सकिन्छ त ? र यसका फाइदा के के हुन ? यता तिर जाँउ

**सहि तरिकाले ब्रस गर्नाले हुने फाइदा**

फ्लोराइड युक्त मन्जन प्रयोग गरेर दिनमा दुई पटक सही तरिकाले ब्रस गर्नाले मुख स्वास्थ्यलाई ठूलो लाभ पुऱ्याउँछ। दाँतमा लाग्ने किरा (डेन्टल क्यारिज): अमेरिकन डेन्टल एसोसिएसन (ADA) का अनुसार, फ्लोराइड युक्त मन्जन प्रयोग गरेर नियमित ब्रस गर्दा दाँतमा लाग्ने किराको जोखिम घटाउने कुरालाइ जोददार भन्ने गरेको छ ।गिजा सम्बन्धी को रोग रोकथामः हरेक दिन सहि तरिकाले ब्रस गर्नाले गिजा सम्बन्धि रोग जस्तै : गिजा सुन्निने , गिजाबाट रगत आउने लगायतका समस्या धेरै कम हुने गर्दछन । दाँतमा टासिएको फोहोरले दाँतलाई सडाउने एसिडलाई पनि कम गरि दाँतमा लाग्ने किराको सम्भाबना पनि धेरै कम गर्छ। हामिले भन्ने दन्त हर्साको पनि कमि गराउन्छ र स्वस्थ मुखकोलागि महत्वपूर्ण भुमिका खेल्ने गर्दछ । पेसाकै दौरानमा भेटेको एक बिरामीले भन्नू भयो सर मैले मेरो श्रीमानको अत्यधिक मुख गन्हाएर सम्बन्ध विच्छेद गरेकी हुँ ।

मलाइ एक छिन त अचम्म लाग्यो तर एक छिन पछि मैले त्यो कुरा साँचो भएको महसुस गरे । हो मुख स्वास्थ्यले हाम्रो दाम्पत्य जिबनमा पनि ठूलो असर गर्दो रहेछ ।तपाईं सोच्नुस त सहि उपचारको कमि र चेतना स्तरको कमिले गर्दा पनि जिबनमा छुटिनु पर्दाको पीडा ।

**अब तपाइले सोच्नु भए होला खासमा सहि तरिकाले ब्रस कसरी गर्ने ? सहि तरिका भनेको केहो ?**

सहि ब्रस गर्ने तरिका निम्न अनुसार हुन्छ

१. खाना खाएपछि कम्तीमा ३० मिनेट पर्खेर ब्रस गर्नु।

२. नरम ब्रसको प्रयोग गर्दै हल्का गोलो घुमाइको शैलीमा ब्रस गर्नु।

३. तर माथी को दाँतलाइ तल तिर र तलको दाँतलाइ माथी तिर फर्काएर ब्रस लाई ४५ डिक्री मा राखेर गर्नु पर्छ । सहितरिकाले ब्रस गर्नको लागि विभिन्न टेक्निक हरु छन । जसमा मोडिफाइड बास मेथड सजिलो र प्रभकारी हुन्छ । तपाइले आजकल युट्युबमा गएर पनि हेर्न र सिक्न सक्नु हुनेछ

४. दिनमा दुई पटक ब्रस गर्ने बानी बसाल्नु।

हामिले खाना अघि हात धुने बानि हामी र हाम्रो परिवारमा बिकास गर्यौ । त्यसरी नै खानापछी ब्रस गर्ने बानिको बिकास गर्नु अत्यन्तै महत्वपूर्ण छ ।

परिवारनै बसेर सङै ब्रस गर्दा परिवार भित्र आत्मियता बढ्ने पनि हुन्छ। किनकी हामिले अहिले परिवार सङ रमाइलो गर्नु को सट्टा धेरै इन्टरनेटमै घुम्ने गरिरहेका छौ जसले हामिलाइ परिवार बाट टाडालगेको पत्तो पाउन सकिरहेका छैनौ ।हामिले दाँत तथा मुख स्वास्थ्यको जति कुरा गरेपनी नेपालको विद्यालयमा मुख स्वास्थ्यमाअर्को महत्वपूर्ण कुरा जन्क फुडको सम्बन्ध धेरै छ । यसकोबारे पनि सोच्नु जरुरी छ साथै विद्यालयहरूले मुख स्वास्थ्यलाई पाठ्यक्रममा समेट्न सकिएको छैन् । जसका केही मुख्य कारण यस्ता छनः

१. नीतिगत अभावः मुख स्वास्थ्य शिक्षाका लागि ठोस सरकारी नीति वा कार्यान्वयन योजना अभाव छ ।

२. आर्थिक स्रोतको कमीः धेरै विद्यालयहरू आर्थिक कठिनाइका कारण मुख स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिरहेका छैनन्।

३. जन्क फुडको पहुँचः विद्यालय वरपर सजिलै पाइने जन्क फुडले मुख स्वास्थ्यलाई गम्भीर असर पुऱ्याइरहेको छ। यस्ता खाद्य पदार्थमा चिनी र एसिडको मात्रा धेरै हुन्छ, जसले दाँतमा लाग्ने किराको समस्या ह्वात्तै बढ्न थाल्छ ।

४. जनचेतनाको कमीः हामी र हाम्रो समुदाय तथा अभिभावक शिक्षक लगाएतलाइ पनि मुख स्वास्थ्य बारे राम्रो ग्यानको छैन र महत्व पनि दिइएको देखिदैन ।

मुख स्वास्थ्यबारे समस्या देखाउनु भन्दा पनि समस्या भित्र पनि हामिले निम्न स्तरको सामाधानको लागि प्रयास गर्नु जरुरी छ ।

१. मुख स्वास्थ्यलाई पाठ्यक्रममा समावेश गर्नुः दन्त स्वास्थ्य शिक्षालाई विद्यालय पाठ्यक्रममा अनिवार्य बनाउनुपर्ने आवश्यकता छ। यसले बालबालिकालाई सानैदेखि स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्दछ। र कम्तिमा बर्शको एक पटक दन्त स्वास्थ्यकर्मीलाई बोलाएर मुख स्वास्थ्य बारे शिक्ष्या दिनु तथा मुख स्वास्थ्य परिक्षण गर्ने र समयमै मुख स्वास्थ्यको राम्रो उपचार गराउनु पर्ने हुन्छ जसले समयमै राम्रो उपचार हुनु का साथै कम खर्चिलो मा राम्रो उपचार गर्न सकिन्छ ।

२. जन्क फुडमा नियन्त्रणः अस्पताल वरिपरि धूम्रपान तथा मध्यपान लाई रोक लगाउने सरकारले गरेको किसिस जस्तै विद्यालय परिसर र वरपर जन्क फुड बिक्रीलाई प्रतिबन्धित गर्न कडा नीति लागू गर्नुपर्छ।

३. दन्त स्वास्थ्य शिविरहरू सञ्चालनः स्थानीय सरकार र स्वास्थ्य संस्थाको सहकार्यमा नियमित दन्त स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्छ।

४. जनचेतना कार्यक्रमः अभिभावक, शिक्षक, र विद्यार्थीलाई मुख स्वास्थ्यको महत्त्वबारे जागरूक बनाउन निरन्तर कार्यक्रमहरू आवश्यक छन्। जस्तै अभिभावक दिवसको अबसरमा मुख स्वास्थ्य बारे कार्यक्रम राख्ने जस्तै दम्त शिबिर हरु वा अभिमुखिकरण कार्यक्रम । वा बिध्याथिलाइ सहि तरिकाले ब्रस गराउने कम्पिटिटर । आदि समयमै गर्न सकिन्छ ।

५. अहिले शहरहरुमा मुख स्वास्थ्यमा बच्चा वा बिद्यार्थीको अबस्था अत्यन्तै जटिल छ । हामिले समयमै यसको बारे सोच्न सकेनै भने हामिले धेरै ठूलो क्षेती बेहोर्नु पर्ने हुन्छ । त्यसैले विद्यालय स्वास्थ्यमा मुख स्वास्थ्यलाई प्राथमिकता दिनु अत्यावश्यक छ। फ्लोराइडयुक्त मन्जन प्रयोग गरेर नियमित ब्रस गर्ने बानीले दाँतमा लाग्ने किरा ,गिजाको रोग, र अन्य मुखसम्बन्धी समस्याहरूलाई धेरै हदसम्म रोक्न सकिन्छ। ध्ज्इ र ब्म्ब ले यसलाई वैज्ञानिक रूपमा प्रमाणित गरिसकेका छन्। नेपालमा, जन्क फुडको प्रभाव घटाउन र मुख स्वास्थ्यलाई अनिवार्य गर्न नीतिगत हस्तक्षेप, जनचेतना, र विद्यालयस्तरमै सुधारको खाँचो छ। विद्यालयहरूले स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न अग्रसर भई बालबालिकालाई स्वस्थ र उज्ज्वल भविष्य दिन सक्नुपर्छ ।

**अन्यमा**

रोग लागि हालेछ भने उपचार गरेर मुख स्वस्थ राख्छु वा राम्रो उपचार गर्न सक्छु जस्तो सोच्लाइ हामिले बदल्नु पर्छ र स्वस्थ मुल्हको लागि नियमित ब्रस गर्ने तथा प्रत्येक छ छ महिनामा दन्त स्वास्थ्यकर्मीलाई मुख चेकजाँच गराउनु आबश्यक छ ।

लेखक अमृत भुसाल

डेन्टल साइन्सको बिधार्थी हुन भने नेपालमा मुख स्वास्थ्य अभियानका अभियान्ताको रुपमा परिचित छन । गत बर्स एक लाख बच्चालाइ मुख स्वास्थ्य शिक्षा प्रदान गरेर मुख स्वास्थ्य बारे चासो बढेको देखिन्छ ।

# बुटवल सुनचाँदी व्यवसायी संघको पदस्थापन

बुटवल । बुटवल सुनचाँदी व्यवसायी संघको सम्पन्न चौथो र पाँचौ साधारणसभा तथा दोस्रो अधिवेशनबाट सर्वसम्मत निर्वाचित नयाँ नेतृत्वले आफ्नो पदभार ग्रहण गरेको छ।

बुटवलमा आयोजित पदस्थापन कार्यक्रममा निर्वाचन समितिका संयोजक अधिवक्ता गोमति सुनारले पदको सपथ खुवाएका थिए।

अधिवेशनबाट निर्वाचित नयाँ पदाधिकारी एवं सदस्यहरुलाई कार्यक्रमका प्रमुख अतिथि नेपाल सुनचादी व्यवसायी महासंघका केन्द्रीय सदस्य दिपक कुमार विकले प्रमाणपत्र प्रदान गरेका थिए।

पुष २९ गते सम्पन्न अधिवेशनबाट संघको १७ सदस्यीय नयाँ नेतृत्व सर्वसम्मत चयन भएको थियो।

संघको अध्यक्षमा गकुल विश्वकर्मा, उपाध्यक्षमा कृष्ण ब. सुनार, सचिवमा चुरामणी वि.क (दिपक), कोषाध्यक्षमा दल बहादुर वि.क.(राजु), स-सचिवमा इन्द्रबहादुर वि.क.(मनोज ), सह-कोषाध्यक्षमा सरोज गहतराज रहेका छन्।

यसैगरी सदस्यहरुमा दिलिप विश्वकर्मा, हरि गहतराज, अमृत बेवारे, प्रेम विश्वकर्मा(हुकुम), बलबहादुर वि.क, विजुला विश्वकर्मा, निमा खड्का, रामबहादुर रसाइली, लक्षमण लोहनी, र शेर बहादुर विश्वकर्मा निर्वाचित हुनु भएको थियो। पदस्थापन कार्यक्रममा नवनिर्वाचित अध्यक्ष गकुल विश्वकर्माले सुनचादी व्यवसायीहरुका समस्या समाधानका लागि आफ्नो नेतृत्व सधै इमानदार भएर लाग्ने जनाउदै आफुले अधिवेशनमा अगाडी सारेको ७ बुदे कार्यक्रमलाई पुरा गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

कार्यक्रममा प्रमुख अथिति नेपाल सुनचादी व्यवसायी महासंघका केन्द्रीय सदस्य दिपक कुमार विकले व्यवसायिक एकता विना सुनचादी व्यवसायीका समस्या समाधान हुन नसक्ने बताउदै नेतृत्व सवल भएमा परिणाम आउने विश्वास व्यक्त गरे।

कार्यक्रममा महासंघका निर्वतमान केन्द्रीय सदस्य एमवी विश्वकर्मा, प्रदेशका उपाध्यक्ष हरि बहादुर सुनार, रुपन्देही जिल्लाका निर्वतमान वरिष्ठ उपाध्यक्ष एसरत्न बज्राचार्य, महिला समूह अध्यक्ष किरण विकलगायत बोलेका थिए।

# कञ्चनमा सर्वपक्षीय बैठक सम्पन्न

कञ्चन । रुपन्देहीको कञ्चन गाउँपालिकाले कञ्चनको भूमि समस्यासम्बन्धी समाधानका लागि कञ्चनमा कृयाशिल राजनैतिक दल सहित सर्बपक्षीय बैठक सम्पन्न गरेको छ।

बैठकमा कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकालले नेपाल सरकारबाट अध्यादेश जारी भई भूमि सम्बन्धी विद्यमान ऐनहरु संशोधन भएपश्चात् हाल अदालतबाट स्थगन रहेको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरुलाई जग्गा उपलब्ध गराउनको लागि राष्ट्रिय भूमि आयोगलाई कार्य प्रारम्भ गर्न सहज हुने, राजस्व दर समेत घट्न सक्नेलगायत विषयबारे जानकारी गराए। बैठकमा नेपाली कांग्रेस कञ्चनका सभापति देविराम रेग्मी, ने.क.पा. एमाले प्रदेश कमिटी सदस्य भरतमणी सापकोटा, ने.क.पा. माओबादी केन्द्र, कञ्चन गाउँ कमिटिका पूर्व अध्यक्ष पुष्पराज शर्मा, ने.क.पा. एमाले, कञ्चन गाउँ कमिटिका पूर्व सचिव लेखनाथ पौडेल, कान्तिकारी कम्युनिष्ट पार्टी जिल्ला संयोजक लक्ष्मीकान्त पौडेल, रा.स्व.पा. कञ्चन गाउँ कमिटि अध्यक्ष प्रेमचन्द्र पोखरेल, राष्ट्रिय जनमुक्ती पार्टीका गाउँ कमिटि अध्यक्ष भिम बहादुर थापा थिए।

रा.प्र. पा. का गाउँ कमिटि उपसभापति श्री ज्योति नारायण आचार्य, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ, कञ्चनका अध्यक्ष चुडामणी पौडेल, ,ने.क.पा. माओवादी केन्द्र, प्रदेश सचिवालय सदस्य, हिरा बहादुर रोका, ने.क.पा. माओवादी केन्द्रका गाउँ कमिटी अध्यक्ष विनोद पुन, कञ्चन गाउँपालिका कार्यापालिका सदस्य एवं गाउँपालिकाका प्रवक्ता चित्रलाल तुलाचन, वक्ताहरुले भूमि सम्वन्धी समस्याको बारेमा बोलेका थिए।

बैठकमा भूमिसम्बन्धी समस्या कञ्चन गाउँपालिकाका करिब ७० प्रतिशत स्थानीयहरुको साझा समस्या भएकोले कञ्चन गाउँपालिकाको आफ्नै स्रोत र साधनबाट जिल्ला भूमि आयोगसँगको समन्वयमा छिटो छरितो विधि मार्फत कार्य अगाडी बढाउने र कुनै समस्या परेमा सामुहिक जवाफदेहिता र उत्तरदायित्व वहन गर्ने गरी निर्णय समेत गरेको सूचना अधिकारी तथा प्रशासन प्रमुख अर्यालले जानकारी दिनु भएको छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय,पोखरा
सालझण्डी – सन्धिखर्क – ढोरपाटन सडक योजना
सन्धिखर्क, अर्घाखाँची

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशन मितीः २०८१/१०/०९

यस योजना कार्यालयको बोलपत्र आह्वानको IFB No: SSDRP/04/081/82 अनुसार न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिलको ठेक्का नम्बरको बोलपत्र स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) तथा दफा ४७ प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताहरुको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| सि. नं. | ठेक्कानं. | निर्माण कार्यको विवरण | बोलपत्र स्वीकृतिको लागि छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एस. समेत) |
|---|---|---|---|---|
| 1 | SSDRP/ 33701132 /081/82/04 | Bridge Protection and Maintenance Work at Rainadevi Chhahara Rural Municipality, Dhungrekhola,Palpa at Ch:22+000 along Saljhandi -Sandhikharka -Dhorpatan Road (NH-52) | Bhagwati Construction, Butwal-08, Rupandehi | 8,222,091.53 |

योजना प्रमुख

# उद्योगी व्यवसायीहरूलाई अभिमूखिकरण

बुटवल । बुटवलमा उद्योगी व्यवसायीहरुलाई उर्जा दक्षता सम्बन्धि अभिमुखिकरण गरिएको छ।

उद्योगी व्यवसायीका लागि जर्मन सहयोग र युरोयियन युनियनको आर्थिक सहयोगमा सञ्चालन गरिएको उर्जा दक्षता कार्यक्रम अन्तरगत बुटवल उद्योग वाणिज्य संघको समन्वयमा मंगलबार बुटवलमा उद्योगी व्यवसायीलाई अभिमुखिकरण गरिएको हो।

यसमा आर्थिक सहयोग व्यवस्थापनको कार्यान्वयन राष्ट्रिय वाणिज्य बैंक र प्राविधिक पक्षको काम जि.आई.जेड.ले गर्दै आएको छ।

कार्यक्रममा बोल्दै बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष हरिप्रसाद अर्यालले उद्योग प्रतिष्ठानमा उर्जा दक्षता मापनले त्यसको सुधारमा सघाउ पुऱ्याउने बताए।

उनले उद्योग प्रतिष्ठानको स्वास्थ्य जाँच पनि भएकाले उर्जा खपत गर्ने मात्रै नभई उत्पादन लागत घटाउन र प्रतिस्पर्धी बनाउन पनि सहयोग पुग्ने विश्वास व्यक्त गर।

त्यस अवसरमा जि.आई.जेड. उर्जा दक्षता कार्यक्रमका कम्पोनेन्ट म्यानेजर डा. सञ्जयप्रसाद गोरखालीले यो कार्यक्रमको बारेमा जानकारी गराउँदै उर्जा दक्षता कार्यक्रम मानव शरीरमा जस्तै उद्योगको होलवडी चेकपअ भएको बताए।

उनले उद्योग प्रतिष्ठानमा गरिने उर्जा खपतको मापनले एउटा उर्जा खपतमा सहयोग गर्ने छ भने अर्कोतर्फ उत्पादन लागत घटाउन पनि सहयोग गर्ने भनाइ राखेका थिए।

**दैनिक...**

केसीले भनिन्- “यदि सबैले कृषी पेशालाई सम्मानजनक स्थान दिने हो भने धेरै व्यक्तिले बैदेशिक रोजगारी भन्दै देश छोड्ने थिएनन होला।” प्लाष्टिकमा घरमै प्याकिङ गरेर दूध बिक्रीका लागि पुऱ्याउने गरेको समेत उनले बताइन।

प्यूठान नगरपालिका पशु सेवा शाखा प्रमुख गिरीराज पौडेलले नगरपालिका भित्रका किसानहरु व्यवसायीक रुपमा भैसी पालन तर्फ आकर्षित भएको बताउँछन्।

पशु उपचार सेवा, गोठ सुधार कार्यक्रम, १ वडा १ पशु स्वास्थ शिविर, गोवर परिक्षण, उत्पादनमा आधारित दुधमा अनुदान, पशु स्वास्थ्य विमा, लगायतका कार्यक्रमहरु गर्दै आएको प्रमुख पौडेलले बताए।

प्यूठान नगरपालिका भित्र १२ वटा व्यवसायिक गाई/भैसी फर्म दर्ता भएको बताउदैं नयाँ किसानको संख्या पनि बढ्दै गएको बताए।

प्यूठान नगरपालिका १ खैरामा रहेको शिवालय दुग्ध सहकारी मार्फत गत आर्थिक वर्ष २०८०/०८१ मा ६७ हजार २ सय ५५.५ लिटर संकलन तथा बिक्री भएको थियो।

चालु आर्थिक वर्षको साउन देखि मंसिर मसान्तसम्म ३८ हजार ३ सय ३४.५ लिटर दुध सहकारी मार्फत बजारमा पुगेको व्यवस्थापक गिता गिरीले बताइन। जाडो सिजनमा बजारमा दुध कम खपत भएपछि किसानले उत्पादन गरेको सबै दुध सहकारीले खरिद नगरेको समेत उनले बताइन।

नगरपालिकासंग सम्झौता भएका सहकारी मार्फत आफ्नो उत्पादनलाई बजारमा ल्याउने किसानले लिटरको १० रुपैंया अनुदान पाउने गरेका छन्।

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला बलेटक्सार गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, रुरुक्षेत्र गा.पा. वडा नं. ०४, बस्ने श्री बलीभद्र ज्ञवालीको नाति श्री गुनाखर ज्ञवालीको छोरा श्रीमती कृष्ण कुमारी ज्ञवालीको पति बर्ष ८५ को श्री अमनिश्वर ब्रामन भन्ने चक्रपाणी ज्ञवाली (नागरिकता नं. ७१२१ जि.प्र.का गुल्मी मिति २०५५/११/२३ मा जारी) को मिति २०८०/०९/१२ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२६६३ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरी श्रीमती पम्फा शर्माले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री अमनिश्वर ब्रामन भन्ने चक्रपाणी ज्ञवाली (नागरिकता नं. ७१२१ जि.प्र.का गुल्मी मिति २०५५/११/२३ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपालएसबिआई बैंक लि.
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९,
फ्याक्स ०७९-५२११९४

## शाइन रेसुंगा डेभलपमेण्ट बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति २०८१/१०/०९ गतेको दैनिक लुम्बिनी

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जा विकास बैंकसँग भए गरेका सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकिता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी विकास बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले विकास बैंकले बिभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५(पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी, धितो जमानीकर्ता र व्यक्तिगत धनजमानीकर्तालाई सूचित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा चुक्ता गर्न तत्परता नदेखाए पश्चात मिति २०८०/०७/२३ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम विक्री सम्बन्धी २१ (एक्काइस) दिने सुचना प्रकाशित गरी ऋणकर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा विकास बैंकको नियम तथाप्रचलित ऐन कानूनको अधिनमा रहीगोप्य शिलबन्दी बोलपत्र समेत आव्हान गरिएकोमा विकास बैंकद्वारा हाल पुनः यो १५ (पन्ध्र) दिने धितो लिलाम विक्री सम्बन्धी सूचना प्रकाशित गरिएको छ। तसर्थ धितोमा रहेको उक्त सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (सो दिन सार्वजनिक विदा परेमा विदा पश्चात लगत्तै कार्यालय खुल्ने दिन) कार्यालय समयभित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रितपुर्वक बोलपत्र भरी यस विकास बैंकको केन्द्रीय कार्यालय, बुटवलमा वा विकास बैंकको सम्बन्धित शाखा कार्यालयमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहको तपसिल बमोजिमको सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री भई विकास बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको आन्तरिक नीति नियम तथा अन्य प्रचलित ऐन कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै कालोसूचीमा समावेश गर्न बाँकी ऋणी, संचालक, प्रोप्राईटर, साझेदार, जमानतकर्ता र नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम ऋणसँग सम्बन्धित अन्य पक्षहरुलाई तीनपुस्ते विवरण सहित कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा समावेश गर्न सिफारिस गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु गराउनु हुन समेत विशेष अनुरोध गरिन्छ।

तपसिल

१.ऋणीको नाम र ठेगाना (शाखा कार्यालय पाताभार)

नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभागको कार्यालय बर्दियामा प्रा.फा.र.न. ३७१/४७४१/०७३/०७४ मिति २०७३/०८/२२, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६०५५००७९६ मिति २०७३/०८/२२ मा दर्ता भई बर्दिया जिल्ला पशुपतिनगर गा.वि.स. वडा नं. ०१ स्थित शाह ट्रेडर्स

प्रोप्राइटरको विवरणः रणविर शाहको नाति, विर बहादुर शाहको छोरा, जिल्ला बर्दिया पशुपतिनगर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भइ हाल बर्दिया जिल्ला गेरुवा गा.पा. वडा नं. ०५ बस्ने देव बहादुर शाह (ना.प्र.नं. ३८५५९, बर्दिया, जारी मिति : २०३९/०३/२१)

व्यक्तिगत धनजमानी दिनेहरुको विवरण

१. विर बहादुर शाहको बुहारी, देव बहादुर शाहको पत्नि, जिल्ला बर्दिया पशुपतिनगर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भइ हाल बर्दिया जिल्ला गेरुवा गा.पा. वडा नं. ०५ बस्ने मेनका शाह (ना.प्र.नं. ७/३५९, बर्दिया, जारी मिति : २०४६/०२/०१)

२. देव बहादुर शाहको बुहारी, अनु कुमार शाहको पत्नि, जिल्ला रुपन्देही धकधई गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भइ हाल बर्दिया जिल्ला गेरुवा गा.पा. वडा नं. ०५ बस्ने गुन्जेश्वरी सिंह (ना.प्र.नं. ६६१०१९/१०९, बाँके, जारी मिति : २०६५/०३/०२)

धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण

१. रणविर शाहको नाति, विर बहादुर शाहको छोरा, जिल्ला बर्दिया पशुपतिनगर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भइ हाल बर्दिया जिल्ला गेरुवा गा.पा. वडा नं. ०५ बस्ने देव बहादुर शाहको नाममा मालपोत कार्यालय बर्दियामा दर्ता श्रेस्ता कायम रहेको जिल्ला बर्दिया दौलतपुर गा.वि.स वडा न. ०६ स्थित कि.न ६४२ क्षेत्रफल०-२-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

२. घुरे सिंहको नातिनि, राम करण प्रसाद सिंहको छोरी, जिल्ला रुपन्देही धकधई गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भइ हाल बर्दिया जिल्ला गेरुवा गा.पा. वडा नं. ०५ बस्ने गुन्जेश्वरी सिंह को नाममा मालपोत कार्यालय बर्दियामा दर्ता श्रेस्ता कायम रहेको जिल्ला बर्दिया पशुपतिनगर गा.वि.स वडा न. ०१ स्थित कि.न ५४९ क्षेत्रफल ०-४-७ (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.
केन्द्रीय कार्यालयः
बुटवल-११, कालिकानगर, रुपन्देही
फोनः ०७१-४१५५०२/४१५५०३
E-mail: info@srdb.com.np, URL: www.srdb.com.np

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय
नवलपरासी (ब.सु.पू ), कावासोती

## खरिद सम्झौताको अन्त्य गरी कालो सूचीमा राख्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/१०/०९

पूर्वाधार विकास कार्यालय (व.स.पु), नवलपुर र निर्माण व्यवसायी श्री आकांक्षा कन्स्ट्रक्सन प्रा लि, डल्लु, काठमाडौबीच समझौता भई Construction of Sundar chowk to Health center Dalit Marga road construction Bulingar, Contract ID: IDO-NAW (BSE)-W-NCB-35-75/76 को निर्माण कार्य निर्माण व्यवसायी श्री आकांक्षा कन्स्ट्रक्सन प्रा लि, डल्लु, काठमाडौ ले सम्झौता बमोजिमको कार्य जानाजानी बदनियतपूर्वक वा लापारवाहीको कारण सम्पन्न नगरेको देखिएकाले सम्झौताको GCC ७२ (Termination ) बमोजिम तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ बमोजिम खरिद सम्झौता अन्त्य गरि सम्झौताको सर्त GCC ७४ बमोजिम तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ को उपदफा १ (ग) बमोजिम कालो सूचीमा राख्न सिफारिस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# गुल्मीमा तीन जनाको मृत्यु



गुल्मी । गुल्मीमा छुट्टाछुट्टै दुर्घटनामा परी मंगलबार तीन जनाको मृत्यु भएको छ । जिल्लाको मालिका गाउँपालीका -८ कालीमाटी निवासी वर्ष ६० का लालबहादुर रोका, मदाने गाउँपालिका -६ की वर्ष ६० की हुमी सार्की र ईस्मा गाउँपालिका -५ की वर्ष ३९ की शान्ति कुमालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ ।

मालिका गाउँपालिका -८ का लालबहादुर रोकाको मंगलबार बिहान घर नजिकैको आफ्नै बारीमा घोप्टो अबस्थामा शव फेला परेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरिक्षक राजन भुजेलले जानकारी दिए । उनको शव मंगलबार बिहान स्थानीयले देखेपछि घटना शंकास्पद भएको भन्दै प्रहरीलाई खवर गरेका थिए । घटनाको जानकारी पाएलगत्तै जिल्ला प्रहरी कार्यालय गुल्मीबाट प्रहरी उपरिक्षक राजन भुजेलको नेतृत्वमा नौ जनाको प्रहरी टोली घटना स्थलमा पुगेको थियो । घटनाको प्रकृति हेर्दा थप शंकास्पद देखिएको भन्दै प्रहरीले घटनाको थप अनुषन्धान गरिरहेको बताएको छ ।

त्यसैगरी मदाने गाउँपालिका -६ निवासी हुमी सार्कीको पुर्कोटदह बजारबाट घर फर्कने क्रममा मदाने -६ अन्तरगत सल्लेपाटा स्थीत बाटोबाट लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ ।

त्यसैगरी जिल्लाको ईस्मा गाउँपालिका -५ की वर्ष ३९ की शान्ति कुमालको गुडीरहेको बसबाट खसेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ । बुटवलबाट गुल्मीको अर्खाबाङ् जाँदै गरेको लु १ ख ५७३६ नम्बरको बसबाट झरेपछि भाडाको विषयलाई लिएर झगडा भएपछि अचानक गुडिरहेको बसको ढोकामा झुण्डीन पुग्दा उनी घाइते थिए ।

घटनापछि प्रहरीले बस र चालकलाई नियन्त्रणमा लिएको छ । घटनाको बारेमा थप अनुषन्धान भैरहेको प्रहरीले जनाएको छ ।

# मध्यविन्दु महोत्सव माघ ११ गतेदेखि

नवलपुर । नवलपुरको मध्यविन्दु नगरपालिकामा रहेको मध्यविन्दु उद्योग वाणिज्य संघको आयोजनामा तेस्रो सस्करणको मध्यविन्दु महोत्सव माघ ११ गतेदेखि माघ २१ गतेसम्म अरुणखोलामा हुने भएको छ । महोत्सव अरुणखोलाको खोला किनारमा हुने भएको हो ।

महोत्सवको तयारी तिव्र पारिएको छ ।मध्यविन्दु उद्योग वाणिज्य संघले मंगलबार उद्योग वाणिज्य संघको कार्यालयमा गरेको पत्रकार सम्मेलनमा दिएको जानकारी अनुसार मध्यविन्दु महोत्सव मध्यविन्द १० अरुणखोला नदि किनारमा हुने मध्यविन्दु उद्योग वाणिज्य संघका महासचिव विन्दु प्रसाफ काफ्लेले बताए । कृषि, हस्तकला, व्यवसायिक, होटल लगायतका गरी २ सय स्टल रहने मध्यविन्दु महोत्सवमा आदिवासी जनजाति एवम विभिन्न जातिगत मौलिक झाक्री कला सस्कृति भेषभेषा प्रदशनी, मौलिक कौरा नाच प्रतियोगिता, भजन चुट्का प्रतियोगिता, झाम्रे गित प्रतियोगिता, हुने आयोजकले जनाएको छ ।

महोत्सवमा प्रत्यक्ष रुपमा १ लाख ५ करोड बढीको आर्थिक कारोबार हुने जनाइएको छ ।त्यसैगरी तेस्रो मध्यविन्दु डान्स आईडल, विद्यालय स्तरिय विज्ञान प्रदशनि, वडा स्तरिय भलिबल प्रतियोगिता लगायतका कार्यक्रमहरु रहने पत्रकार सम्मेलनमा जानकारी दिइयो । पत्रकार सम्मेलनमा मध्यविन्दु उद्योग वाणिज्य संघका अध्यक्ष किरणकुमार श्रेष्ठले आर्थिक, सामाजिक एवं पयृटनको विकासमा सहयोगी रहने बताए ।

महोत्सवलाई सफल बनाउन सबैको सहयोग गर्न अध्यक्ष श्रेष्ठले आग्रह गरे । महोत्सवका लागि विभिन्न उप समिति समेत गठन गरिएको छ ।

महोत्सवको तयारी तिव्र पारिएको छ । पत्रकार सम्मेलनमा मध्यविन्दु उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष केदार पराजुली, उपाध्यक्ष चेतन पौडेललगायतले बोलका थिए ।

# एचपिभी खोपसम्बन्धी अभिमुखिकरण

सैनामैना । सैनामैना नगरपालिकाका विधालयका प्रधानाध्यापक तथा संचारकर्मीहरुलाई एचपिभी खोपसम्बन्धी अभिमुखिकरण कार्यक्रम गरिएको छ ।

मंगलबार सैनामैना नगरपालिकाको सभाहलमा स्वास्थ्य शाखा सैनामैनाले नगरस्तरीय खोप समन्वय समितिका पदाधिकारी विधालयका प्रधानाध्यापक तथा संचारकर्मीहरुलाई खोपसम्बन्धी अभिमुखिकरण कार्यक्रम गरेको हो ।

यही माघ २२ देखि २८ गतेसम्म पालिकामा सञ्चालन हुने खोप अभियानमा १० वर्षदेखि १४ वर्ष उमेरसम्मका किशोरीहरुलाई खोप लगाइने स्वास्थ्य शाखा प्रमुख बसन्त श्रेष्ठले जानकारी दिनुभयो । उहाँ अनुसार कक्षा -६ देखि १० सम्मका छात्राहरु साथै लक्षित उमेर समूहमा रहेका विद्यालय नजाने किशोरीहरु गरी नगरपालिकामा ४ हजार ५ सय ३४ जनालाई खोप लगाइने छामहिलाहरुको पाठेघरको मुखको क्यान्सर रोकथाम तथा नियन्त्रणका लागि विधालय र स्वास्थ्य संस्थालाई खोप केन्द्र निर्धारण गरि स्वास्थ्यकर्मी तथा स्वयंसेवकको सहयोगमा एचपिभी खोप लगाइने तयारी रहेको छ ।

अन्तरक्रिया कार्यक्रममा सैनामैना नगरपालिका प्रमुख फणेन्द्र प्रसाद शर्माले सबै बालबालिकाको पहुँचमा खोप पुर्याउन आवश्यक पर्ने सहयोगका लागी नगरपालिका प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले क्यान्सर रोगकै कारण वर्षेनी कयौं महिलाहरुले ज्यान गुमाउनु परेको बताउँनुभयो । खोप अभियानले पाठेघर मुखको क्यान्सर रोकथाम र मृत्युदरमा कमी ल्याउन मदत पुग्नेमा विश्वास व्यक्त गर्दै खोप अभियानलाई सबै विद्यालयमा प्रभावकारी बनाउन र यस अभियानलाई सफल बनाउन आग्रह गर्नुभयो ।पाठेघरको मुखको क्यान्सरबाट बच्नको लागी दिइने एच.पि.भी.खोपले रोग प्रतिरोधात्मक क्षमता बढाउनुका साथै रोग निवारणका लागि अभियान निकै महत्त्वपूर्ण र प्रभावकारी हुनाले सबै किशोरीहरुलाई खोप लगाउन उपप्रमुख बिना रानाले आग्रह गर्नुभयो । पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप अभियानलाई प्रभावकारी रुपमा संचालन गर्न सबैले सहयोग गर्नुपर्ने प्रमुख प्रशासकीय अधिकृत जिवन ज्ञवालीले भनाइ राख्नुभयो । देशभर माघ २२ गतेदेखि एचपिभी खोप अभियान संचालन हुँदैछ ।

# एक्स्ट्रिम सिरिजका दुई मोटरसाईकल सार्वजनिक




बुटवल । सिजी मोटर्सले बुटवलमा एक्स्ट्रिम सिरिजअन्तर्गत दुई नयाँ मोटरसाइकल एक्स्ट्रिम १६० आर फोरभी र एक्स्ट्रिम १२५ आर सार्वजनिक गरेको छ ।

मंगलबार बुटवलमा एक कार्यक्रमको आयोजना गरी दुई मोटरसाइकल ग्राण्ड लन्च गरीएको हो । बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, बुटवल-९ का वडाध्यक्ष प्रदिपकुमार श्रेष्ठ, बुटवलस्थित सिजी मोटर्सको आधिकारिक बिक्रेता हिमालयन अटो ट्रेडिङ्ग प्रालिका म्यानेजिङ डाइरेक्टर भेषराज गैरेलगायतले नयाँ मोटरसाइकल सार्वजनिक गरेका हुन् ।

हिरोको एक्स्ट्रिम १६० आर फोरभीको मूल्य ३ लाख ८४ हजार ९ सय र एक्स्ट्रिम १२५ आरको मूल्य सीबीएस भेरियन्टका लागि २ लाख ८९ हजार ९ सय र एबीएस भेरियन्टको लागि ३ लाख ११ हजार ९ सय रहेको सिजी मोटर्सका लुम्बिनी प्रदेश एरिया सेल्स म्यानेजर नेत्र कुँवरले जानकारी दिए ।

सार्वजनिक भएका दुवै मोडेलहरू नवलपरासीस्थित सिजी इन्डस्ट्रियल पार्कमा रहेको अत्याधुनिक असेम्बली प्लान्टमा एसेम्बल गरिएको कम्पनीले जनाएको छ ।

कम्पनीका अनुसार एक्स्ट्रिम १६० आर फोरभीमा १६० सिसी सेगमेन्ट रहेकोमा सार्वजनिक गरिएको बाइकमा १६३ सिसी ४-भल्भबीएस-भीआई इन्जिन रहेको छ ।

यसले ८ हजार ५ सय आरपीएममा १६.९ पीएस पावर र ६ हजार ५ सय आरपीएममा १४.६ एनएम टर्क उत्पादन गर्छ ।

१४५ किलो तौल भएको यो मोटरसाइकल सजिलै मोड्न र चलाउन सकिने कम्पनीले जनाएको छ । एक्स्ट्रिम १२५ आर १२५ सिसीको इन्जिन रहेको छ ।

यसमा ईबीटी प्रणाली उपलब्ध छ । एक्स्ट्रिम १२५ आरको मस्कुलर र सार्प डिजाइनअन्तर्गत सेगमेन्टमै पहिलो प्रोजेक्टर एलइडी हेडल्याम्प, एलइडी टर्न सिग्नल, र सिग्नेचर एलइडी टेल लाइट समावेश रहेको सिजी मोटर्सका रिजनल सेल्स म्यानेजर विभेक सिंघालले जानकारी दिए ।

हिरोले आकर्षक डिजाइनसहितको नयाँ मोटरसाइकलहरू सार्वजनिक गर्दै कलाकारमार्फत सांगीतिक प्रस्तुतिसमेत दिएको थियो । कार्यक्रममा गायक निशान भट्टराई, गायिक सुजाता पाण्डेलगायतले आआफ्नो प्रस्तुति दिएका थिए ।

# सुपरलिग लुम्बिनी खुकुरीको जित




भैरहवा । मेलवर्न क्रिकेट क्लब (एमसीसी)लाई हराउँदै भैरहवामा जारी रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिता अन्तर्गत 'ए' डिभिजनको मंगलबारको खेलमा लुम्बिनी खुकुरी क्लबले जित निकालेको छ ।

खुकुरीले एमसीसीलाई ९७ रनले पराजित गर्दै जित निकालेको हो ।सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको खुकुरीले निर्धारित ४१ ओभरको खेलमा ६ विकेट गुमाएर २ सय ३२ रनको बलियो योगफल बनायो ।

उसका लागि साहब आलमले अविजित ७२ रनको अर्धशतकीय पारी खेले । यस्तै, कसेजाद आलमले ४८, जमिर अलीले ३६, निश्चल चौधरीले २०, शंकर रानाले १५ र प्रज्वल थापाले १२ रनको योगदान गरे । बलिङमा एमसीसीका अब्दुल हबिब र विपिन आचार्यले २-२ तथा रमेश कुर्मी र अरुण पाठकले १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको एमसीसी ३३ ओभर १ बलमा अलआउट हुँदै १ सय ३५ रन मात्रै बनायो र हार व्यहोर्यो ।

उसका लागि विपिन आचार्यले ४१, विजय प्रजापतीले २९, रमेश कुर्मीले २३ र सन्दीप रजालीले १८ रन बनाए पनि जितका लागि पर्याप्त भएन । बलिङमा खुकुरीका साहब आलम, सन्देश जिसी र अजयकुमार चौहानले ३-३ तथा दुर्गेश गुप्ताले १ विकेट लिए । खेलमा साहब आलम प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए ।

# युवा व्यवसायी ठाकुर सम्मानित



बुटवल । उत्कृष्ट युवा सम्मानबाट समृद्धि सलुन एण्ड ऐकेडेमी बुटवलका सञ्चालक देवदह ७ निवासी मोहन ठाकुर सम्मानित हुनुभएको छ । बुटवल जेसीजको ५१ औं पदस्थापन समारोहमा ठाकुर सम्मानित भएका हुन् । ठाकुरले पछिल्लो समय बुटवल अमरपथ सिह कम्प्लेक्समा समृद्धि सलोन तथा एकेडेमी सञ्चालन गर्दै आएका छन् । समृद्धिका पोखरा, मणिग्राम, जितपुर कपिलवस्तु, बर्दघाटमा शाखा रहेका छन भने यी सबै साखामा गरि ५० भन्दा धेरैले प्रत्यक्ष रोजगारी पाएका छना।ठाकुरले एकेडेमी मार्फत दक्ष जनशक्ति उत्पादन गर्दै आएका छन् ।

बुटवलमा युनिसेक्स को रुपमा सैलुन ब्यवसाय सञ्चालन गर्दै सम्मानयोग्य पेशा बनाएको श्रेय ठाकुरलाई जान्छ। 'स्व.गणेशमान सैंजू स्मृति बुटवल जेसिज उत्कृष्ट पत्रकारिता पुरस्कार -२०२४' पत्रकार कपिल ज्ञवालीलाई प्रदान गरिएको छ ।

बुटवल जेसीजका अध्यक्ष बिनोद घिमिरेले नवनिर्वाचित अध्यक्ष मोहन न्यौपानेलाइ पदस्थापन गराउनु भएको थियो ।

पूर्वमन्त्री एवं प्रतिनिधिसभा सदस्य सुरेन्द्रराज आचार्यले युवाहरुको भरोसालाई जेसीजले कायम राख्नुपर्ने बताए ।

उनले समाज बदल्न युवा शक्तिको भुमिका हुने उल्लेख गरे । कार्यक्रममा बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले देशमै युवाहरुको भविश्य सुचिश्चि हुनेगरी कार्यक्रम ल्याउन सुझाव दिए ।

पाण्डेयले बुटवल जेसीजले नेपाल जेसीजलाई नै लिड गर्ने क्षमता राख्ने बताउँदै क्षमता प्रदर्शनकालागि नेतृत्वलाई उनले आग्रह गरे ।

बुटवल जेसीजका मानार्थ सदस्य बुटवल निवासी समाजसेवी गणेशमान सैजुको निधनपछि उहाँको स्मृतीमा छोरा अनुपमान सैंजुले बुटवल जेसीजमा उत्कृष्ट पत्रकारिता पुरस्कार अक्षयकोष स्थापना गेका थिए ।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com